**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति - २०६४ भदौ १८**

---

उच्चायुक्तका नेपालस्थित नयाँ प्रतिनिधिद्वारा काठमाडौंमा पदभार ग्रहण

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि श्री रिचर्ड बेनेट आफ्नो पदभार सम्हाल्न आज भदौ १८ गते काठमाडौं आइपुग्नुभयो। श्री बेनेटले सन् २००४ अगस्टदेखि अफगानिस्थानमा मानवअधिकार उच्चायुक्तको प्रतिनिधिको रूपमा सेवा पुऱ्याउनुका साथै सन् २००० देखि पूर्वी टिमोर र सिरिया लिओनमा वरिष्ठ मानवअधिकार पदहरूमा रही संयुक्त राष्ट्रसङ्घमा कार्य गर्नुभएको छ। संयुक्त राष्ट्रसङ्घमा प्रवेश गर्नुअघि उहाँले न्युजिल्यान्ड मानवअधिकार आयोग तथा न्याय मन्त्रालयमा धेरै वर्षसम्म कार्य गर्नुभयो।

## उच्चायुक्तका नेपालस्थित नयाँ प्रतिनिधिद्वारा काठमाडौंमा पदभार ग्रहण

आफ्नो आगमनपछि, श्री बेनेटले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारमाध्यमलाई देहायको वक्तव्य दिनुभयोः

> "मसँग आज यहाँ भेट गर्न आउनुभएकोमा तपाईंहरूलाई धन्यवाद। म नेपाल आउन पाएकोमा र तपाईंहरूको देशको जीवनमा आएको यो जटिल घडीमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको प्रतिनिधिको रूपमा आफ्नो कार्य सुरु गर्न लागेकोमा अत्यन्त खुशी छु।"
>
> "म भर्खर आउँदै गरेको हुनाले अहिले केही टिप्पणीहरू मात्र गर्नेछु भन्ने कुरालाई तपाईंहरूले बुझिदिनुहुनेछ भन्ने मलाई आशा छ तथा निकट भविष्यमा हुने पत्रकार सम्मेलनका लागि आफ्ना प्रश्नहरू बचाएर राख्न अनुरोध गर्दछु।"

“तपाईंहरूलाई थाहा छ, नेपालले विगतका तथा जारी मानवअधिकार उल्लङ्घनका लागि दण्डहीनता; महिला, मधेशी, दलित, जनजाति तथा अन्य समुदायहरू एवं अपाङ्ग र यौन अल्पसङ्ख्यकहरूको प्रतिनिधित्वको अभाव तथा ऐतिहासिक सीमान्तकरण; आउँदो संविधानसभा निर्वाचनका सन्दर्भमा डर, त्रास तथा हिंसामुक्त वातावरण सिर्जना गर्ने; तथा मानवअधिकारको संरक्षण गर्न र हिंसा हुन नदिन कानुन कार्यान्वयन र न्याय प्रशासनको सबलीकरण गर्नेलगायतका धेरै मानवअधिकार चुनौतीको सामना गरेको छ।

“शान्ति प्रक्रियाले यी मुद्दाहरूलाई सम्बोधन गर्ने अद्वितीय अवसर उपलब्ध गराउँछ र उच्चायुक्तको कार्यालय-नेपालले आफ्नो अनुगमन, क्षमता निर्माण, कानुनी सल्लाह तथा बाह्यगमन गतिविधिमार्फत् तिनमा संकेन्द्रण गर्ने कुरालाई प्राथमिकता दिएको छ । उच्चायुक्तको कार्यालय-नेपालको नयाँ प्रतिनिधिका रूपमा म यस कार्यालयले सरकार, राज्यसंस्थाहरू, मानवअधिकार रक्षकहरू, नागरिक समाज तथा अन्यसँगको सहयोगमा मानवअधिकार संरक्षणलाई सबल बनाउन र शान्ति तथा निर्वाचन प्रक्रियाको केन्द्रमा मानवअधिकार रहने कुरा सुनिश्चित गर्नेतर्फ योगदान दिन कार्यालयले आफ्नो कार्यलाई हरसम्भव जारी राख्नेछ भन्ने कुरा सुनिश्चित गर्नेछु।

धन्यवाद।"